# देश चिनाउने तस्बिरहरू

■ दिनेश वाग्ले

काठमाडौं- सशस्त्र प्रहरी जवानका दरिला लठ्ठीबाट आफूलाई जोगाउन प्रयासरत एउटा फुच्चेको तस्बिरलाई 'वर्ष २००६ को प्रेस फोटो' घोषणा गर्दै राजधानीमा शुक्रबार राष्ट्रिय तस्बिर प्रदर्शनी सुरु भएको छ ।

नीलो जिन्स र छातीमा 'बेबी' लेखिएको रंगीन टिसर्ट लगाएको त्यो बालक झपडमा प्रयोग गरिएका टुक्रे इँट्टाको थुप्रोमाथि थचारिएको छ। आशा, पश्चाताप, त्रास अनि रोदनले भरिपूर्ण उसका आँखाले सामुन्ने लौरो उज्याइरहेको प्रहरीलाई हेरिरहेको छ। नजिकका दुईमध्ये एक निर्दयी प्रहरी उनीमाथि लठ्ठी उज्याइरहेको छ भने अर्को जोगाउन खोजिरहेको छ ।

अप्रिल क्रान्तिताका राजधानीमा देखिएको 'ला, बिचरालाई के भयो होला' भन्ने प्रश्न गराउने त्यो स्तब्धकारी दृश्यले जनआन्दोलन-२ मा भएका प्रहरी दमनको नबिर्सिने झल्को दिन्छ ।

सागर श्रेष्ठले खिचेको त्यो तस्बिरलाई नेपाली प्रेस क्यामेराकर्मीको संस्था 'राष्ट्रिय फोटो पत्रकार समूह' ले निम्त्याएको स्वतन्त्र निर्णायक मन्डल (जुरी) ले उत्कृष्ट ठहऱ्याएको हो । उनले ५० हजार रुपैयाँ पाएका छन् । सन् २००६ का गतिविधि झल्काउने तस्बिर समेटिएको 'फोटो कन्सर्न-एनएफपीजे प्रेस फोटो प्रतियोगिता २००७' मा समाचार, फिचर, खेलकुद र वातावरणमा क्रमशः राजेन्द्र मानन्धर, एकलाल सिलवाल, उदिप्त सिंह क्षेत्री र शैलेन्द्र खरेल प्रथम भएका छन् । विजेताले १५/१५ हजार रुपैयाँ पाएका छन् । प्रत्येक वर्गमा घोषणा गरिएका दोस्रो र तेस्रो तस्बिरले क्रमशः १० हजार र पाँच हजार रुपैयाँ पाउने छन् ।

निर्णायक मण्डलीमार्फत विजेता चयन गरिएको यसखाले पहिलो प्रतियोगिता हो । यसमा ९१ फोटो पत्रकारबाट ३ सय ७२ तस्बिर संकलन भएका थिए । तीमध्ये १ सय २५ नेपाल आर्ट काउन्सिलमा पाँच दिनसम्म चल्ने प्रदर्शनीमा राखिएका छन् । यसअघि भएको प्रदर्शनीमा दर्शकको छनोटलाई उत्कृष्ट घोषणा गरिन्थ्यो । 'स्वस्थ प्रतिस्पर्धाको प्रवर्द्धन गर्न प्रतियोगिता गरिएको हो,' समूहका अध्यक्ष विकास रौनियारले भने- 'प्रदशनीमा राखिएका तस्बिरबाट दर्शकले गत वर्ष विभिन्न क्षेत्रमा भएका गतिविधिलाई एकै ठाउँमा जानकारी पाउने छन् ।'



**वर्ष २००६ को प्रेस फोटोका साथ सागर श्रेष्ठ । उनले खिचेको तस्बिरलाई नेपाली प्रेस क्यामेराकर्मीको संस्था 'राष्ट्रिय फोटो पत्रकार समूह' ले उत्कृष्ट ठहऱ्याएको छ।**

*तस्बिर : कान्तिपुर*

प्रदर्शनीको 'समाचार' वर्गमा अपेक्षितरूपमा अप्रिल क्रान्ति छाएको छ । त्यो महान जनसहभागिताको आन्दोलनले किन सफलता पायो भन्ने प्रश्नको उत्तर चन्द्रशेखर कार्कीको त्यो एउटा तस्बिरमा पाइन्छ जसमा सर्वसाधारणको एक ठूलो समूह कर्फ्यु उल्लंघन गर्दै तीनकुने, कोटेश्वर पुगेका छन् । हरियो युद्ध ट्याङ्कमाथि हतियार समाएर उभिएका ती तन्नेरी सैनिक र उनको बन्दुक विशाल जनउपस्थितबाट अवाक भएको छ ।